# लोक सेवा आयोग

## नेपाल राष्ट्र बैंक, प्रशासन, प्रधान सहायक, सहायक प्रथम पदको आन्तरिक

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/०५/२४

पत्रः प्रथम

समय : १ घण्टा ३० मिनेट | पूर्णाङ्क : ५०

### खण्ड 'क': रचना

**(क) तल दिइएको अनुच्छेदको आधारमा सारांश लेखी उपयुक्त शीर्षक दिनुहोस्।** १०

सानो वा ठूलो जुनसुकै संस्थाले पनि समग्र कार्यसम्पादनको निरन्तर सुधारलाई संस्थाको स्थायी उद्देश्य वनाउनु पर्दछ। संस्थाको लक्ष्य, कार्यविधि र कार्यसम्पादन यस्ता क्षेत्र हुन् जहाँ निरन्तर सुधारको खोजी भईरहन्छ। सुधार जहिले पनि समय सापेक्ष हुन्छ। निरन्तर सुधारको अवधारणाले त्रुटी सुधारबाट प्रकृया, मार्ग र गति सुधारतर्फ अग्रसर गराउँछ भन्ने मान्यता अन्तर्राष्ट्रिय रूपमै स्थापित भएको छ। सुधारलाई कसरी निरन्तरता दिने भन्ने अम् प्रश्नलाई जहिले पनि अगाडि ल्याइन्छ। कुनैपनि संस्थाको जिम्मेवारीमा रहेका सबै व्यक्तिले आ नो संस्थाको कार्यसम्पादन, कार्यवित्ति र लक्ष्यबारे जिज्ञासा राख्ने तथा प्रश्न उठाउने गर्नुपर्दछ। कार्यसम्पादनमा विचलन कम गर्ने उपायहरूको खोजी गर्नुपर्दछ। भैरहेका कार्यविधिलाई कसरी अझ राम्रो पार्न सकिन्छ भन्ने जिज्ञासा अघि सारेर सुधारका उपायहरूको खोजी भइरहनुपर्दछ। संस्थागत क्षमता विकास गरेर प्रभावकारिता कसरी ल्याउन सकिन्छ भनी आपसी विचार विमर्श गर्दै जानुपर्दछ। सुधारलाई कुनै खास विशेषता, क्रियाकलाप, खास वस्तु तथा सेवाहरूसित लक्षित गरिएको हुनुपर्दछ। व्यवस्थापनबाट निरन्तर सुधारको प्रतिबद्धता गराउनुपर्दछ। सुधारको पहिचान कसरी गर्ने, प्रकृयाको सुधार कसरी गर्ने भन्ने कुरा एकिन गर्नुपर्दछ। कतिपय सुधारहरू विना लागत वा न्यून लागतमा गर्न सकिन्छ तापनि निरन्तर सुधारका लागि थप स्रोत साधनको आवश्यकता पर्न सक्ने भएकोले त्यसको व्यवस्था मिलाउनुपर्दछ।

**(ख) तल दिइएका विषयहरूमध्ये कुनै एकको टिप्पणी लेख्नुहोस्।** १५ अंक

१. नेपाल राष्ट्र बैंकले कर्मचारीहरूको वृत्ति विकासका लागि विभिन्न अध्ययन अनुसन्धान, तालिम, गोष्ठी आदिमा उनीहरूलाई सहभागी गराउँदै आएको छ। यस्ता कार्यक्रममा सहभागी गराउँदा निर्दिष्ट विषय, उद्देश्य, कर्मचारी कार्यरत विभाग, शैक्षिक योग्यता, कार्य अनुभव, समान अवसरको उपलब्धता लगायतका पक्षहरूमा ध्यान दिने गरिएको छ। एक अन्तर्राष्ट्रिय नियोगबाट त्यस्तै प्रकृतिको कार्यक्रममा सहभागी हुने कर्मचारीको मनोनयन गरी पठाउन पत्राचार भएको छ। उक्त कार्यक्रममा सहभागी हुने कर्मचारी मनोनयन गरी पठाउन पत्राचार भएको छ। उक्त कार्यक्रममा सहभागी हुने कर्मचारी मनोनयन कार्यका लागि विभागीय प्रमुख समक्ष पेश गर्ने टिप्पणी तयार पार्नुहोस्।

२. नेपाल राष्ट्र बैंक अन्तरगत हाल धेरै संख्यामा पुराना सवारी साधन रहेका र यी सवारी साधनमा चालक, ईन्धन, मर्मत आदिमा ठुलो रकम विनियोजन र खर्च हुने गरेको छ। उक्त खर्चिलो व्यवस्थाको सट्टा मितव्ययी रूपमा सवारी व्यवस्थापन गर्न चालु हालतका सवारी दुरुस्त गर्ने र पुराना सवारी लिलाम गरी सवारी साधन प्राप्त गर्ने पदाधिकारीलाई मापदण्ड बनाई सबै मापदण्ड बमोजिम सवारी साधन उपलब्ध गराउने र चालक, मर्मत र ईन्धन वापत एकमुष्ट रूपमा एक निश्चित रकम उपलब्ध गराउने मितव्ययी र प्रभावकारी ढंगले सवारी व्यवस्थापन हुने देखिएकोले सो व्यवस्था लागु गर्न व्यवस्थापन समक्ष आवश्यक निर्णयका लागि पेश गर्ने टिप्पणी तयार पार्नुहोस्।

**(ग) तलका कुनै एक विषयमा निबन्ध लेख्नुहोस्।** २५ अंक

१. मुलुकको आर्थिक समृद्धिमा नेपाल राष्ट्र बैंकको भूमिका

२. विकासशील मुलुकमा पुँजी बजारको महत्व

३. संघीयततामा वित्तीय संस्थागत सुशासनको आवश्यकता र महत्व

❑❑❑

## लोक सेवा आयोग

## नेपाल राष्ट्र बैंक, प्रशासन, प्रधान सहायक, सहायक प्रथम पदको आन्तरिक

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/०५/२५

पत्रः द्वितीय

समय : १ घण्टा ३० मिनेट | पूर्णाङ्क : ५०

### खण्ड 'क' बैकिङ

**तल दिइएका प्रश्नहरूमध्ये कुनै ५ प्रश्नको उत्तर दिनुहोस्। सबै प्रश्न समान अंकका छन्।** ५ × १० = ५०

१. खराब कर्जा न्यूनीकरण गर्न नेपालमा के कस्तो नीतिगत तथा संस्थागत उपायहरू अपनाइएको छ ? वर्णन गर्नुहोस्।

२. विदेशी मुद्राको अपचलनले राष्ट्रिय अर्थतन्त्रमा कस्तो असर पार्दछ ? विदेशी मुद्रा अपचलन रोक्न नेपालमा के कस्तो उपाय अपनाइएको छ ? उल्लेख गर्नुहोस्।

३. नोट कोष सञ्चालन सम्बन्धमा नेपाल राष्ट्र बैंकको प्रचलित निर्देशनबारे उल्लेख गर्नुहोस्।

४. बैंकिङ क्षेत्रमा अत्याधिक कर्जा प्रवाह भएमा नेपाल राष्ट्र बैंकले के कस्ता उपायहरूबाट कर्जा नियन्त्रण गर्नुपर्ने हुन्छ ? लेख्नुहोस्।

५. परम्परागत कृषि प्रणालीमा आधारित पुँजीको अभाव हुने ग्रामीण अर्थतन्त्र भएको हाम्रो मुलुकको स्थानीयस्तरमा पुँजीको निर्माण, पुँजीको सरल प्रवाह, प्रविधिको हस्तान्तरण तथा उपलब्ध पुँजीको यथोचित उपयोग गरी ग्रामीण अर्थतन्त्रको विकास गर्न विद्यमान वाणिज्य बैंकहरूको भूमिका कस्तो हुनुपर्ला ?

६. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' र 'ख' वर्गका संस्थाहरूको बीच के भिन्नता छन् ?

७. कस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाको काम कारबाहीमा नेपाल राष्ट्र बैंकले रोक लगाउन र कर्जा नियन्त्रण गर्न सक्छ ? छोटकरीमा लेख्नुहोस्।

८. कुनै दुई विषयमा छोटकरीमा लेख्नुहोस्।

(क) पुँजी पर्याप्तता अनुपात

(ख) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को आधारमा राष्ट्र बैंकको कार्य

(ग) नाफा नोक्सान हिसाब

❑❑❑

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, प्रधान सहायक, सहायक प्रथम पदको आन्तरिक

प्रतियोगितात्मक लिखित परीक्षा

२०७३/०५/२४

पत्रः प्रथम

समय : १ घण्टा ३० मिनेट पूर्णाङ्क : ५०

## खण्ड 'ख': प्रशासन सम्बन्धी ज्ञान

**तल दिइएका प्रश्नहरूमध्ये कुनै ५ प्रश्नहरूको उत्तर दिनुहोस्। सबै प्रश्नहरू समान अंकका छन्।**

१. जिन्सी आम्दानी र खर्च लेख्ने तरिकाबारे उललेख गर्दै जिन्सी नियन्त्रणका तरिका र आधारहरू लेख्नुहोस्। ५+५

२. कार्यालय सम्पत्तिको व्यवस्थापन भन्नाले के बुझिन्छ ? कार्यालय सम्पत्तिको उचित व्यवस्थापन गर्दा केके कुरामा ध्यान दिनुपर्छ ? स्पष्ट पार्नुहोस् । ४+६

३. नेपाल राष्ट्र बैंकमा कर्मचारी बढुवासम्बन्धी व्यवस्था गरिएका प्रमुख आधारहरूको सान्दर्भिकताबारे समीक्षा गर्दै सुधारका लागि छोटो चर्चा गर्नुहोस्। ४+६

४. नेपाल राष्ट्र बै.कमा रिक्त हुने विभिन्न पदहरूको पदपूर्ति प्रक्रिया उल्लेख गर्दै खुल्ला पदपूर्ति प्रक्रियाबारे विवेचना गर्नुहोस्। ४+६

५. कर्मचारी विनियमावलीमा विभागीय कारबाहीसम्बन्धी व्यवस्था किन गरिन्छ ? नेपाल राष्ट्र बैंकका सन्दर्भमा यसको व्यवस्थाबारे उल्लेख गर्नुहोस्। ६+४

६. नेपाल राष्ट्र बैंकको मौजुदा संगठन संरचनाको चित्रण गर्दै थप प्रभावकारी कार्य समपादनका लागि वर्तमान संगठन संरचनामा गर्नुपर्ने सुधारका विविध पक्षबारे चर्चा गर्नुहोस्। ४+६

७. नेपाल राष्ट्र बैंक कर्मचारी विनियमावलीअनुसार कर्मचारीको ज्ञान, सीप, क्षमता अभिवृद्धिका लागि अध्ययन तालिमसम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? वैदेशिक अध्ययनमा जाने कर्मचारीले पालना गर्नुपर्ने सर्तहरू उल्लेख गर्दै अध्ययन तालिममा सिकेका ज्ञान, सीप, क्षमताको कार्यालयमा महत्तम उपयोग गर्न थप के कस्तो उपायहरू अवलम्वन गर्नहोला ? ३+३+४

८. नियुक्ति र पदस्थापन भन्नाले के बुझिन्छ ? पदस्थापन र सरुवाबीचका समानता र असमानताहरू उदाहरणसहित प्रस्तुत गर्नुहोस्। ४+६

❑❑❑

**लोक सेवा आयोग**

**नेपाल राष्ट्र बैंक, प्रशासन, प्रधान सहायक, सहायक प्रथम पदको आन्तरिक**

**प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७३/०५/२५**

**पत्र : द्वितीय**

**समय : १ घण्टा ३० मिनेट** **पूर्णाङ्क : ५०**

**खण्ड 'ख' : प्रशासनसम्बन्धी ज्ञान**

**तल दिइएका प्रश्नहरूमध्ये कुनै ५ प्रश्नहरूको उत्तर दिनुहोस्। सबै प्रश्नहरू समान अंकका छन्।** **५ × १० = ५०**

१. वासलातको विश्लेषणले वित्तीय अवस्था सुदृढ गर्न कसरी मद्दत गर्छ ? संक्षिप्तमा प्रष्ट पार्नुहोस्।

२. नेपाल राष्ट्र बैंकका सन्दर्भमा हिसाव मिलान भन्नाले के बुझिन्छ ? नेपाल राष्ट्र बैंकका पोखरा कार्यालय र वीरगंज कार्यालयबीच हुने कारोबारको हिसाव मिलान सम्बन्धमा उदाहरणसहित स्पष्ट पार्नुहोस्।

३. वित्तीय अनुपात (Financial Ratio) भनेको के हो ? वित्तीय अनुपात अन्तर्थत Current Ratio र Quick Ratio को महत्वबारे प्रकाश पार्नुहोस्। बैंक जमानत भनेको के हो ? बैंक जमानत कति प्रकारका हुन्छन् ? सविस्तार वर्णन गर्नुहोस्।

५. 'व्यवस्थापन सूचना प्रणालीले निर्णय प्रक्रियामा ठूलो सघाउ पुयाउन सक्दछ' भन्ने भनाइप्रति आफ्नो धारणा लेख्नुहोस्।

६. वासलातको विश्लेषण गर्दा के कस्ता कुराहरू मुख्य रूपमा समावेश गरिन्छ ? उदाहरणसहित उल्लेख गर्नुहोस्।

७. हिसाव मिलान नहुँदा आउन सक्ने समस्याहरू केके हुन् ? बैंक तथा वित्तीय संस्थाहरूको सन्दर्भमा उदाहरणसहित स्पष्ट पार्नुहोस्।

८. **छोटकरीमा लेख्नुहोस्।**

(क) रिभर्स रिपो

(ख) प्रतीतपत्र

□□□